आज मिति २०७८ साल फागुन महिनाको १८ गतेका दिन यस गढवा गाँउपालिकामा अध्यक्ष श्री यम नारायण शर्मा पोखेल ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोखेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरि भगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मान बहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिव | श्री आशिष चौधरी | |

आमन्त्रित :-

श्री प्रेमप्रकाश दाहाल, अधिकृत छैठौं, योजना

चन्द्र प्रकाश बली (प्र.अ.)

आशिष चौधरी (प्र.अ.)

सहयोगी :-

श्री शम्भुराज आचार्य, अधिकृतस्तर सातौं, लेखा

श्री पुनाराम शर्मा, अधिकृत छैठौं, सा.प्र.

# बैठक संख्या : १३

मिति २०७९/११/१९ गतेको गाउँकार्यपालिकाको १३ औं बैठकका प्रस्तावहरू

**प्रस्ताव नम्बर १.** अघिल्ला गाउँकार्यपालिकाका बैठकमा भएगरेका निर्णयहरू र सो को कार्यान्वयन पक्ष सम्बन्धमा ।

**प्रस्ताव नम्बर २.** अनुगमन समिति संयोजक गाउँपालिका उपाध्यक्षले पेश गर्नुभएको अनुगमन प्रतिवेदन सम्बन्धमा ।

**प्रस्ताव नम्बर ३.** गढवा गाउँपालिकाको भू उपयोग नीति तथा भू उपयोग योजना निर्माण गर्ने सम्बन्धमा ।

**प्रस्ताव नम्बर ४.** गढवा गाउँपालिकामा बङ्कापथ सिचाई योजनाको नहर निर्माणका लागि आवश्यक पर्ने जग्गा आयोजनाले अधिग्रहण गर्दा त्यहाँका स्थानीयहरूले पूर्जावाल जग्गा गुमाउनुपरेकोले निजहरूको सो को विकल्पमा प्रयोग गरिरहेको सरकारी जग्गाको भोगचलन सिफारिस सम्बन्धमा ।

**प्रस्ताव नम्बर ५.** हाल उपभोक्त समिति मार्फत विकास निर्माण योजना संचालन गर्दा विकराल रूपमा देखिएको सार्वजनिक संरचनाको गुणस्तरमा ह्रास, राजश्व छलि तथा भुक्तानी दिन परिरहेको समस्या समाधान सम्बन्धमा ।

**प्रस्ताव नम्बर ६.** यस गढवा गाउँपालिकामा बाट प्रदान गरिएका घ वर्गका निर्माण ईजाजत पत्र सम्बन्धमा ।

**प्रस्ताव नम्बर ७.** हालसम्मपनि उपभोक्ता समिति गठन हुन नसकेका योजनाको छिटो छरितो कार्यान्वयन सम्बन्धमा ।

**प्रस्ताव नम्बर ८.** गढवा गाउँपालिकाको एम्बुलेन्स संचालन अनुदान कार्यविधि सम्बन्धमा ।

**प्रस्ताव नम्बर ९.** राष्ट्रिय परिचय पत्र निर्माणका लागि घोराहीबाट खटिई आएका कम्प्युटर प्रविष्ट गर्ने कर्मचारीहरू खाजा, खाना, आवास सुबिधा भुक्तानी सम्बन्धमा ।

**प्रस्ताव नम्बर १०.** वडा नम्बर २ को मोटरसाईकल मर्मतको समर्थन सम्बन्धमा ।

**प्रस्ताव नम्बर ११.** विपद व्यवस्थापन कोषमा, मर्मत संभार कोष र ईन्धन शीर्षकमा रकम थप सम्बन्धमा ।

आशिर्ष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताब नम्बर १२:** नदिजन्य पदार्थ विक्रिका घाटसम्म पुग्ने बाटो व्यवस्थापन सम्बन्धमा ।

**प्रस्ताब नम्बर १३:** गढवा गाउँपालिका अन्र्तगत कार्यरत पूर्वाधार विकास शाखाका प्राबिधिक कर्मचारीहको सवारी सुबिधा सम्बन्धमा ।

**प्रस्ताब नम्बर १४:** गढवा गाउँपालिका स्तरिय खेलकुद कार्यक्रम संचालन सम्बन्धमा ।

**प्रस्ताब नम्बर १५:** गढवा गाउँपालिकाको गाउँपालिकास्तरिय खेलकुद समितिका लागि कार्यपालिकाको तर्फबाट मनोनयन सम्बन्धमा ।

**प्रस्ताब नम्बर १६:** राष्ट्रिय भूमि आयोगको कार्यक्रम अन्तर्गत जग्गा नाँपजाँच कार्यक्रमका लागि सहयोगी व्यवस्थापन सम्बन्धमा ।

**प्रस्ताब नम्बर १७:** आ.व. २०७७/०७८ को जनप्रतिनिधीहरूको नाममा सवारी साधन प्रयोग गरेको भनि देखिएको बेरूजु हटाउनका लागि पत्राचार गर्ने सम्बन्धमां ।

**प्रस्ताब नम्बर १८:** सिचाईको कार्यक्रम संचालन गर्ने सम्बन्धमा ।

**प्रस्ताब नम्बर १९:** वडा नम्बर ७ को कार्यक्रम संशोधन सम्बन्धमा ।

**प्रस्ताब नम्बर २०:** कोईलाबास सशस्त्र प्रहरीको गाडि मर्मतको बिल भुक्तानी सम्बन्धमा ।

**प्रस्ताब नम्बर २१:** धैरेनी खानेपानीको अपुग रकम व्यवस्थापन सम्बन्धमा ।

**प्रस्ताब नम्बर २२:** विविध सम्बन्धमा ।

निर्णयहरू

**प्रस्ताब नम्बर १.** अघिल्ला गाउँकार्यपालिकाका बैठकमा भएगरेका निर्णयहरू र सो को कार्यान्वयन पक्ष सम्बन्धमा ।

**निर्णय नम्बर १ :** यस गढवा गाउँपालिकाको मिति २०७९/१०/२९ गते बसेको गाउँकार्यपालिकाको बैठकमा भएका सम्पूर्ण निर्णयहरू र ती निर्णयहरूको सफल कार्यान्वयन पक्षका सम्बन्धमा आईपर्ने चुनौती, अवसर र सहजीकरण सम्वन्धमा छलफल सहित समिक्षा गरियो ।

**प्रस्ताब नम्बर २.** अनुगमन समिति संयोजक गाउँपालिका उपाध्यक्षले पेश गर्नुभएको अनुगमन प्रतिवेदन सम्बन्धमा ।

**निर्णय नम्बर २ :** यस गढवा गाउँपालिकाको अनुगमन समिति संयोजक श्री शारदा कुमारी चौधरीले चालु आ.व. २०७९/०८० मा विनियोजित योजना तथा कार्यक्रमको कार्यान्वयन चरणमा तथा सम्पन्न भएपश्चात गरिएका सम्पूर्ण अनुगमन प्रतिवेदनहरू समेटेर माघ महिनाको अनुगमनको मासिक प्रतिवेदन पेश गर्नुभएकोमा

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

सो सम्बन्धमा प्रतिवेदनमा औल्याईएका विविध पक्षहरूको बारेमा व्यापक छलफल तथा समिक्षा गरि उक्त पेश भएको मासिक अनुगमन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताब नम्बर ३. गढवा गाउँपालिकाको भू उपयोग नीति तथा भू उपयोग योजना निर्माण गर्ने सम्बन्धमा ।**

**निर्णय नम्बर ३ :** यस गढवा गाउँपालिकाको हालसम्म भू-उपयोग नीति तथा भू-उपयोग योजना तर्जुमा नगरिएको अवस्थामा उक्त नीति तथा योजना गढवा गाउँपालिकाभित्रको भूमि व्यवस्थापनका लागि अत्यन्त जरूरी देखिएकोले यथाशिघ्र भू-उपयोग नीति तथा भू-उपयोग योजना निर्माण गर्ने र उक्त नीति तथा योजना गाउँपालिकामा हाल उपलब्ध जनशक्तिबाट प्राविधिक रूपमा निर्माण गर्न नसकिने भएकोले सेवा परामर्श खरिद विधिबाट निर्माण गर्ने निर्णय गरियो ।

**प्रस्ताब नम्बर ४. गढवा गाउँपालिकामा बड्कापथ सिचाई योजनाको नहर निर्माणका लागि आवश्यक पर्ने जग्गा आयोजनाले अधिग्रहण गर्दा त्यहाँका स्थानीयहरूले पूर्जावाल जग्गा गुमाउनुपरेकोले निजहरूको सो को विकल्पमा प्रयोग गरिरहेको सरकारी जग्गाको भोगचलन सिफारिस सम्बन्धमा ।**

**निर्णय नम्बर ४ :** यस गढवा गाउँपालिकामा बड्कापथ सिचाई योजनाको नहर निर्माणका लागि आवश्यक पर्ने जग्गा आयोजनाले अधिग्रहण गर्दा त्यहाँका स्थानीयहरूले पूर्जावाल जग्गा गुमाउनु परेको र निजहरूको आफ्नो पूर्जावाल जग्गामा आयोजनामा प्रयोग भईरहेको सन्दर्भमा विस्थापित भई सो को विकल्पमा सोही आयोजना क्षेत्रको आसपासमा रहेको ओईलानी, बगर क्षेत्र, नदिउकास तथा बन क्षेत्रको खाली जग्गा उपभोग गरिरहेको अवस्थामा निजहरूको पूर्जावाल जग्गाको मुआब्जा वा श्रोतभर्ना वा नयाँ प्रयोग गरिरहेको जग्गाको भोगचलन अधिकार प्राप्तीको लागि गढवा गाउँपालिकाको तर्फबाट पिडितहरूको भूमिसम्बन्धी समस्या समाधानका लागि तपशिल बमोजिमको कित्ताहरूको हकमा सम्बन्धीत निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

तपशिल :

गढवा १ बनघुम्री अर्न्तगत

| क्र.सं. | कित्ता नम्बर | क्षेत्रफल (वर्ग मि.) | कठ्ठा | कैफियत |
|---|---|---|---|---|
| १ | १२५ | १५९६ | | सिट नं. ग |
| २ | १२६ | ६४८ | | सिट नं. ग |
| ३ | ३५ | २१८१७ | | सिट नं. ग |
| ४ | ७२ | १४४ | | सिट नं. ग |
| ५ | १४८ | १२० | | सिट नं. ग |
| ६ | १४९ | १९० | | सिट नं. ग |
| ७ | १५० | १९२ | | सिट नं. ग |

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| ८ | १५१ | २९९ | | सिट नं. ग |
| ९ | ७० | ९३६ | | सिट नं. ग |
| १० | ४५ | ११४।४७ | | सिट नं. ग |
| ११ | १०५ | ५७९।५ | | सिट नं. ग |
| १२ | १०४ | ४३२ | | सिट नं. ग |
| १३ | १२९ | २१६ | | सिट नं. ग |
| १४ | १३० | ८१६ | | सिट नं. ग |
| १५ | ६३ | ४३२ | | सिट नं. ग |
| १६ | १२८ | ५७६ | | सिट नं. ग |
| १७ | १२७ | ३३६ | | सिट नं. ग |
| १८ | ६० | ३६० | | सिट नं. ग |
| १९ | ५३ | ९६० | | सिट नं. ग |
| २० | १०० | ६२।३९ | | सिट नं. ग |
| २१ | ११० | ८७८ | | सिट नं. ग |
| २२ | ९६ | २०० | | सिट नं. ख |
| २३ | ७५ | १३५ | | सिट नं. ख |
| २४ | ३५ | ३१८ | | सिट नं. ख |
| २५ | ११९ | २४० | | सिट नं. ख |
| २६ | १२३ | २४८ | | सिट नं. ख |
| २७ | १२२ | २४८ | | सिट नं. ख |
| २८ | १२१ | ३९६।८ | | सिट नं. ख |
| २९ | ७३ | ७१९।२ | | सिट नं. ख |
| ३० | १०४ | ६० | | सिट नं. ख |
| ३१ | ११० | १४८।५ | | सिट नं. ख |
| ३२ | १०६ | ९१८ | | सिट नं. ख |
| ३३ | १०७ | ६३३ | | सिट नं. ख |
| ३४ | १०८ | २८० | | सिट नं. ख |
| ३५ | २६ | १५० | | सिट नं. ख |
| ३६ | ९१ | १२० | | सिट नं. ख |
| ३७ | ५६ | ६२ | | सिट नं. ख |
| ३८ | ८४ | १४८ | | सिट नं. ख |
| ३९ | ६५ | ४४१ | | सिट नं. ख |
| ४० | ६२ | १९८।२५ | | सिट नं. ख |
| ४१ | ६३ | १५२।७५ | | सिट नं. ख |

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

लुम्बिनी प्रदेश, नेपाल

| गढवा १ मलमला अर्न्तगत | | | | |
|---|---|---|---|---|
| १ | २२६ | ५१ | | |
| २ | १४० | ११६० | | |
| ३ | २२५ | ७३५ | | |
| ४ | १४५ | ६३२ | | |
| ५ | २१५ | १६८ | | |
| ६ | २१६ | १६८ | | |
| ७ | २२४ | ८४ | | |
| ८ | २२३ | ८४ | | |
| ९ | १६१ | १६८ | | |
| १० | ५७ | ४३२ | | |
| ११ | २४२ | ५७६ | | |
| १२ | २४३ | ७६८ | | |
| १३ | १५६ | १०५६ | | |
| १४ | २४० | ६७२ | | |
| १५ | ३१ | ७२० | | |
| १६ | १४९ | १९५ | | |
| १७ | १४८ | ४६५ | | |
| १८ | २३१ | ३१२ | | |
| १९ | २८६ | १०८ | | |
| २० | २८७ | १०८ | | |
| २१ | १५० | २४० | | |
| २२ | १५१ | २८८ | | |
| २३ | १३६ | ५२८ | | |
| २४ | १०७ | ३६० | | |
| २५ | १०६ | ३६० | | |
| २६ | १८८ | १९२ | | |
| २७ | १८९ | १६८ | | |
| २८ | १९० | ९६ | | |
| २९ | १९१ | १३२ | | |
| ३० | १९२ | १२० | | |
| ३१ | १९४ | २१६ | | |
| ३२ | १९३ | २१६ | | |
| ३३ | १९५ | १६८ | | |

आशिष चौधरी

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

गढवा गा...
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| ३४ | १९६ | १४४ | | |
| ३५ | १९७ | १६८ | | |
| ३६ | २४५ | ४९ | | |
| ३७ | २४४ | ८४ | | |
| ३८ | १००, ८ख | ४५६ | | |
| ३९ | ४५ | ७९२ | | |
| ४० | १००, ८ग | २८८ | | |
| ४१ | ४८ | ४०६।३५ | | |
| ४२ | ४२ | | ०-०-१२ | |
| ४३ | ३३ | | ०-०-११ | |
| ४४ | ११२ | | ०-०-११ | |
| ४५ | ११० | | ०-०-११ | |
| ४६ | ४०१ | | ०-१-१५ | |
| ४७ | ३१ | | ०-०-०५ | |
| ४८ | ४९ | | ०-०-१९ | |
| ४९ | १२२ | | ०-०-१९ | |
| ५० | ४३ | | ०-०-११ | |
| ५१ | ६१ | | ०-०-१५ | |
| ५२ | ९८ | | ०-२-१३ | |
| ५३ | ९७ | | ०-०-१५ | |
| ५४ | १०९ | | ०-०-०९ | |
| ५५ | १०८ | | ०-०-१५ | |
| ५६ | ११५ | | ०-०-०५ | |
| ५७ | ११६ | | ०-०-१७ | |
| ५८ | ५५ | | ०-०-१३ | |
| ५९ | ६६ | | ०-०-१२ | |
| ६० | ७८ | | ०-०-०६ | |
| ६१ | ६३ | | ०-०-१० | |
| ६२ | २८, ८ग | | ०-०-१८ | |

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**प्रस्ताव नम्बर ५. हाल उपभोक्ता समिति मार्फत विकास निर्माण योजना संचालन गर्दा उपभोक्ताले पेश गरेको बिलहरूको भुक्तानी सम्बन्धमा ।**

**निर्णय नम्बर ५ :** यस गढवा गाउँपालिका क्षेत्रभित्र संचालन हुने विभिन्न विकास निर्माण सम्बन्धी क्रियाकलापहरूमा आवश्यक पर्ने नदिजन्य पदार्थ (गिट्टी, ढुङ्गा, बालुवा) को हकमा केही उपभोक्ता समितिहरूले गढवा गाउँपालिका अर्न्तगतका नदि तथा खोलाहरूबाट गाउँपालिकामा रोयल्टी नबुझाई अबैध रूपमा नदिजन्य पदार्थ प्रयोग गर्ने र सो को भुक्तानी लिन आउदा क्रसर तथा बालुवा प्रशोधन उद्योगबाट भ्याट बिल लिएर आउने प्रवृति देखिएकोमा शंकास्पद देखिएका बिलहरूको सन्दर्भमा आन्तरिक राजश्व कार्यालयमा आवश्यक छानविन गर्न लगाई अध्यावधिक, सम्बन्धीत उद्योगबाट बिक्रि गरेको व्यहोराको सुनिश्चित पत्र माग गरि तथा उक्त उद्योगबाट विक्रि भएको सामाग्री आयोजनामा प्रयोग भएको छ । सम्भौता बमोजिमको गुणस्तरमा योजना निर्माणकार्य सम्पन्न भएको छ । प्रत्यक्ष नदि तथा खोलाको गुणस्तरहिन निर्माण सामाग्री प्रयोग भएको छैन भन्ने व्यहोराको सम्बन्धीत योजनाको साईट ईन्चार्ज र पूर्वाधार विकास शाखाबाट सुनिश्चित पत्र माग गरि र नदिजन्य पदार्थ सिधै नदिबाट लिएर प्रयोग गरिएको भनि जानकारी हुन आएमा सो परिमाणको राजश्व रकम बराबर हुनेगरि योजना शाखाबाट कट्टि गरि सोही बमोजिम भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नम्बर ६. यस गढवा गाउँपालिकाबाट प्रदान गरिएका घ वर्गका निर्माण ईजाजत पत्र सम्बन्धमा ।**

**निर्णय नम्बर ६ :** यस गढवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा हाल सम्म विभिन्न मितिमा ४३ वटा घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र प्रदान गरिएकोमा सो मध्येमा २१ वटा घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र नविकरण भएको बाँकी २२ वटा घ वर्गको निर्माण ईजाजत पत्र प्राप्त गरेका व्यवसाईले नविकरण गर्नुपर्ने समय नाघेको ६ महिना पुगिसकेको सम्बन्धमा म्याद नागेको घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि २०७४ को दफा ३ को उपदफा ३ मा भएको व्यवस्था बमोजिम दफा ४ को उपदफा ३ बमोजिम खारेज गर्ने व्यवस्था रहेकोले हालसम्म पनि नविकरण हुन नआएका घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र जरिवाना सहित नविकरण गर्नका लागि १५ दिनको म्याद दिई सार्वजनिक सूचना आह्वान गर्ने र उक्त मितिमा समेत नविकरण हुन नआएमा त्यसपछिको गाउँकार्यपालिकाको वैठकबाट खारेजीको प्रक्रियामा आवश्यक निर्णय लिने निर्णय गरियो ।

**प्रस्ताव नम्बर ७. हालसम्मपनि उपभोक्ता समिति गठन हुन नसकेका योजनाको छिटो छरितो कार्यान्वयन सम्बन्धमा ।**

**निर्णय नम्बर ७ :** यस गढवा गाउँपालिकाको चालु आ.व. २०७९/०८० का लागि विनियोजित योजना तथा कार्यक्रम कार्यान्वयनका लागि हालसम्म पनि केही वडाहरूमा उपभोक्ता समिति गठन नभईसकेको बुझिएकोले विकास निर्माण कार्यलाई तोकिएकै समयमा सम्पन्न गर्नका लागि यथाशिघ्र उपभोक्ता समिति गठन गरि योजना कार्यान्वयनको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

**प्रस्ताब नम्बर ८. गढवा गाउँपालिकाको एम्बुलेन्स संचालन अनुदान कार्यविधि सम्बन्धमा ।**

**निर्णय नम्बर ८** : यस गढवा गाउँपालिकामा हाल ४ वटा स्वास्थ्य चौकीहरू संचालनमा रहेका र सोही ४ वटा स्वास्थ्य चौकीहरूबाट एम्बुलेन्स सेवा संचालन भईरहेको सन्दर्भमा उक्त एम्बुलेन्सहरूको संचालन तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्यहरू सोही स्वास्थ्य चौकीको संचालन तथा व्यवस्थापन समितिबाट हुँदै आईरहेको सन्दर्भमा एम्बुलेन्सबाट हुने कमाईले एम्बुलेन्स मर्मत, ईन्धन, चालकको तलब भत्ता जस्ता शीर्षकमा खर्च अपुग हुने समस्या देखिएकोले गढवा गाउँपालिकाबाट प्रदान गरिने एम्बुलेन्स सेवालाई प्रभावित हुन नदिनका लागि यस गढवा गाउँपालिकाको एम्बुलेन्स संचालन अनुदान कार्यविधि निर्माण गर्ने र सो को जिम्मेवारी विधेयक समितिलाई दिने र सहजिकरण गर्नका लागि स्वास्थ्य शाखा प्रमुख श्री कैलाशचन्द्र चौधरीलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**प्रस्ताब नम्बर ९. राष्ट्रिय परिचय पत्र निर्माणका लागि घोराहीबाट खटिई आएका कम्प्युटर प्रविष्ट गर्ने कर्मचारीहरू खाजा, खाना, आवास सुविधा भुक्तानी सम्बन्धमा ।**

**निर्णय नम्बर ९** : यस गढवा गाउँपालिकामा राष्ट्रिय परिचय पत्र वितरणका लागि वडा तहबाट विवरण संकलन कार्यका लागि जिल्ला प्रशासन कार्यालयबाट खटिई आएका कर्मचारीहरू, उक्त कार्यका लागि फाराम भर्ने स्वयमसेवकहरू, तथा रूजु गर्ने कर्मचारीहरूको लागि कार्यक्रम अवधिभरका लागि आवश्यक्ता अनुसार खाजा, खाना तथा आवास खर्च उपलब्ध गराउने निर्णय भएकोमा सो को समर्थन गर्दै सम्बन्धीत वडा कार्यालयबाट सोही बमोजिम सिफारिस भई आएमा आवश्यक निर्णय गरी खर्चको भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताब नम्बर १०. वडा नम्बर २ को मोटरसाईकल मर्मतको समर्थन सम्बन्धमा ।**

**निर्णय नम्बर १०** : यस गढवा गाउँपालिका वडा नम्बर २ अर्न्तगत संचालित संचालित रा. १ व. ६९७ नम्बरको मोटरसाईकल विग्रीएको र सो को मर्मत गर्दा रू ३९,३७०।- (उन्चालिस हजार तीन सय सत्तरी रूपैया ) मर्मत खर्च आएकोले सो को समर्थन गरि बिल बमोजिमको भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताब नम्बर ११. विपद व्यवस्थापन कोषमा, मर्मत संभार कोष र ईन्धन शीर्षकमा रकम थप सम्बन्धमा ।**

**निर्णय नम्बर ११** : यस गढवा गाउँपालिकामा चालु आ.व. २०७९/०८० का लागि विनियोजित योजना तथा कार्यक्रम अर्न्तगत विपद व्यवस्थापन कोष, मेसीनरी मर्मत संभार तथा ईन्धन खर्च शीर्षकमा रकम खर्च भई सकिने अवस्था आएकोले उक्त शीर्षकहरूमा तपशिल बमोजिमको रकमहरू रकमान्तर गरि थप गर्ने निर्णय गरियो ।

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

तपशिल :

| क्र. सं. | हटाईएको शीर्षक | रकम | क्र.सं. | कायम गरिएको शीर्षक | रकम |
|---|---|---|---|---|---|
| १ | पदाधिकारी अन्य सुबिधा | ७,५०,०००।- | १ | ईन्धन खर्च | ७,५०,०००।- |
| २ | कार्यपालिका बैठक भत्ता | ३,५०,०००।- | २ | सवारी मर्मत संभार | ३,५०,०००।- |
| ३ | योगदानमा आधारित निवृत्तिभरण र उपदान कोष | ५,००,०००।- | ३ | कर्मचारी कल्याण कोष | ५,००,०००।- |

**प्रस्ताव नम्बर १२ः नदिजन्य पदार्थ विक्रिका घाटसम्म पुग्ने बाटो व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नम्बर १२ :** यस गढवा गाउँपालिकामा चालु आ.व. मा आई ई ई गरिएका घाटहरूमा नदिजन्य पदार्थको विक्रि वितरणका लागि आह्वान गरिएको सूचना बमोजिम केही घाटहरूमा ठेक्का कवोल समेत भईसकेको सन्दर्भमा उक्त घाटहरू मध्ये धरमपुर क्षेत्रमा नदिले दक्षिण तर्फ कटान गर्दा साबिकको नदिजन्य पदार्थ नदिबाट ओसारपसार गर्ने बाटो बिग्रीएको र ठेक्का कबोल भईसकेपछि उक्त स्थलसम्म पुग्ने बाटो गाउँपालिकाको तर्फबाट व्यवस्था गरिदिन उक्त ठेकेदारले समेत निवेदन समेत दिएको र बाटो नवन्दा ठेक्का सम्झौता गर्न नसकिने ब्यहोरा खुलाएकोले सहजिकरणका लागि यस गढवा गाउँपालिकाको अनुगमन समितिको संयोजकको संयोजकत्वमा प्राविधिक कर्मचारीहरू सहित संयुक्त रूपमा स्थलगत अनुगमन गरी सो को अनुगमन प्रतिवेदन र स्थानीयहरूसँग समन्वय गरि साझा सहमतिका आधारमा पहुँचमार्ग निर्माण सम्बन्धमा आवश्यक निर्णय लिनेगरि निर्णय गरियो ।

**प्रस्ताव नम्बर १३ः गढवा गाउँपालिका अर्न्तगत कार्यरत पूर्वाधार विकास शाखाका प्राविधिक कर्मचारीहको सवारी सुबिधा सम्बन्धमा ।**

**निर्णय नम्बर १३ :** यस गढवा गाउँपालिकामा कार्यरत पूर्वाधार विकास शाखाका सम्पूर्ण कर्मचारीहरूलाई हालसम्म सवारी साधनको व्यवस्था गाउँपालिकाको तर्फबाट नभएको र सो व्यवस्था नहुँदा आफ्नै निजि मोटरसाईकल प्रयोग गरिरहेको र मर्मत खर्चमा समेत समस्या भएकोले सम्पूर्ण पूर्वाधार विकास शाखा अर्न्तगतका कर्मचारीहरूलाई सवारी साधनको व्यवस्था गाउँपालिकाको तर्फबाट गरियोस भनि शाखाका सम्पूर्ण कर्मचारीहरूले संयुक्त रूपमा पेश गरेको निवेदनको सम्बन्धमा यस गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री आशिष चौधरीलाई सो सम्बन्धमा उपयुक्त समाधानको खाका सहित हाल देखिएको समस्या समाधान वा व्यवस्थापन सम्बन्धमा प्रतिवेदन तयार गर्न लगाई आउदो गाउँकार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**प्रस्ताब नम्बर १४: गढवा गाउँपालिकाको स्तरिय खेलकुद कार्यक्रम संचालन सम्बन्धमा ।**

**निर्णय नम्बर १४** : यस गढवा गाउँपालिकामा चालु आ.व. २०७९/०८० का लागि विनियोजित गाउँपालिकास्तरिय योजना तथा कार्यक्रम अर्न्तगत गाउँपालिकास्तरिय खेलकुद कार्यक्रममा विनियोजित ७ लाख बराबरको कार्यक्रम गाउँपालिका स्थापना दिवशको अवसरमा यही फाल्गुन महिनाको २७ गतेदेखि संचालन गर्ने र सो सम्बन्धमा आवश्यक अन्य विविध निर्णयहरू गाउँपलिकास्तरिय खेदकुद समितिवाट तय हुनेगरि खेलकुद कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

**प्रस्ताब नम्बर १५: गढवा गाउँपालिकाको गाउँपालिकास्तरिय खेलकुद समितिका लागि कार्यपालिकाको तर्फबाट मनोनयन सम्बन्धमा ।**

**निर्णय नम्बर १५** : यस गढवा गाउँपालिकामा गढवा गाउँपालिकाको गाउँ खेलकुद विकास समिति गठन तथा संचालन कार्यविधि २०७९ को दफा ४ को घ मा भएको व्यवस्था बमोजिम जन समुदायमा पहिचान भएका खेल प्रेमीहरु मध्येबाट गाउँकार्यपालिकाले छनौट गरेको एक जना महिला सहित २ जना सदस्य रहने व्यवस्था बमोजिम तपशिल बमोजिमका सदस्यहरु छनौट गर्ने निर्णय गरियो ।

तपशिल : १. गोबिन्द ओली

२. ..........................

**प्रस्ताब नम्बर १६: राष्ट्रिय भूमि आयोगको कार्यक्रम अर्न्तगत जग्गा नाँपजाच कार्यक्रमका लागि सहयोगी व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नम्बर १६** : यस गढवा गाउँपालिकामा राष्ट्रिय भूमि आयोगको कार्यक्रम अनुसार भूमिहिन सुकुम्वासी, भूमिहिन दलित, अव्यवस्थित बसोबासीले भोगचलन गरेको जग्गाको अभिलेख संकलन कार्य भईसकेको अवस्थामा निजहरूले भोगचलन गरेको जग्गाको नापजाँच तथा अभिलेख लिने कार्यका लागि यस गढवा गाउँकार्यपालिकाको कार्यालयबाट खटिईएका अमिनहरूको सहयोगीको रूपमा १ नम्बर वडा कार्यालय र २ नम्बर वडा कार्यालयले सोही वडा निवासी व्यक्तिहरूलाई प्रति नापी टोली २ जनाका दरले प्रति व्यक्ति दैनिक रू ६०० भुक्तानी दिनेगरि दैनिक डोरहाजिरीमा कामकाज लगाउने र सो को सोही बमोजिम भूमि सम्वन्धी शीर्षकवाट व्ययभार पर्नेगरि कामकाजमा लगाउने निर्णय गरियो ।

**प्रस्ताब नम्बर १७: आ.व. २०७७/०७८ को जनप्रतिनिधीहरूको नाममा सवारी साधन प्रयोग गरेको भनि देखिएको बेरूजु हटाउनका लागि पत्राचार गर्ने सम्बन्धमा ।**

**निर्णय नम्बर १७** : यस गढवा गाउँपालिकामा आ. व. २०७७/०७८ को म.ले.प. को लेखापरिक्षण पश्चात म.ले.प.को प्राप्त प्रतिवेदनमा जनप्रतिनिधिहरुको यातायात सुविधाको विषयमा वडा कार्यालयहरुको हकमा दोहोरो सुविधा उपभोग गरेको भनि बेरुजु देखिएकोमा वि.सं. २०७३ सालको स्थानीय निर्वाचनबाट निर्वाचित भएपछि वडा कार्यालयहरुको दैनिक प्रशासनिक कामकाजमा सहजता ल्याउनका लागि वडा कार्यालयको प्रयोजनको लागि प्रत्येक वडामा एक एक वडा मोटरसाईकल हस्तान्तरण गरिएको र हालसम्मपनि उक्त मोटरसाईकलहरु पूर्णरुपमा

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

वडाको कामकाजमा प्रयोग भईरहेको अवस्थामा म.ले.प. को लेखापरिक्षण प्रतिवेदनमा जनप्रतिनिधिहरुले मासिक रुपमा पाउने यातायात सुविधा लिएकोमा वेरुजु देखिएकोले म.ले.प. को कार्यालयमा समपरिक्षणको लागि खुलाई पठाउने निर्णय गरियो ।

**प्रस्ताब नम्बर १८: सिचाईको कार्यक्रम संचालन गर्ने सम्बन्धमा ।**

**निर्णय नम्बर १८ :** यस गढवा गाउँपालिकामा लुम्बिनी प्रदेश सरकारको चालु आ.व. २०७९/०८० का लागि विशेष अनुदान अन्तर्गत कमैया शिविरमा सिचाई ट्युवेल निर्माण गढवा ४, ५ र ६ नम्बर वडामा शीर्षकमा विनियोजित रकम रू १२,००,०००।- (अक्षेरेपी बाह्र लाख रूपैया) को कार्यक्रम तपशिल वमोजिम गर्ने निर्णय गरियो ।

तपशिल :

| | |
|---|---|
| १. वडा नम्बर ५ स्थित भवानी शिविरमा सिचाई बोरिङ्ग | ६ लाख |
| २. वडा नम्बर ६ स्थित आँटीपाकर कमैया शिविरमा सिचाई बोरिङ्ग | ६ लाख |

**प्रस्ताब नम्बर १९: वडा नम्बर ७ को कार्यक्रम संशोधन सम्बन्धमा ।**

**निर्णय नम्बर १९ :** यस गढवा गाउँपालिकाको चालु आ.व. २०७९/०८० का लागि वडा नम्बर ७ को योजना तथा कार्यक्रम अन्तर्गत विनियोजित "वडा नम्बर ७ मा ह्युमपाईप र विद्युत पोल विस्तार" शीर्षक परिवर्तन गरि "वडा नम्बर ७ मा ह्युमपाईप खरिद जडान र बाटो ग्राभेल कार्य" कायम गर्ने र सोही वमोजिम योजना कार्यान्वय गर्ने निर्णय गरियो ।

**प्रस्ताब नम्बर २०: कोईलाबास सशस्त्र प्रहरीको गाडि मर्मतको बिल भुक्तानी सम्बन्धमा ।**

**निर्णय नम्बर २० :** यस गढवा गाउँपालिका वडा नम्बर ८ स्थित सशस्त्र प्रहरी बल कोईलाबासको च.नं. ४८, मिति २०७९/०७/२८ गतेको प्राप्त पत्रानुसार उक्त कार्यालयको गाडी मर्मत गरेवापत न्यु जगदम्बा ट्रेडर्सको गाडी मर्मतको विल नं. ३३१ बाट रू १२,००० रकम भुक्तानी गरिदिनुहुन भन्ने व्यहोराको पत्रअनुसार उक्त गाडी मर्मत वापतको रकम न्यु जगदम्बा ट्रेडर्सलाई सोझै भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताब नम्बर २१: धैरेनी खानेपानीको अपुग रकम व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नम्बर २१ :** यस गढवा गाउँपालिकामा संघीय शसर्त पुँजिगत अनुदान अर्न्तगत खानेपानी आयोजनाको लागि विनियोजित रकम रू १४,००,०००।- (चौध लाख रूपैया) कार्यसंचालनको रूपमा रहेको तर संघीय सरकारबाट उक्त बजेट रोक्का भएकोले सो बराबरको रकम गढवा गाउँपालिकाको चालु आ.व. को समपुरक कोषबाट खर्च गरि सो बराबरको रकम सोधभर्ना माग गर्ने निर्णय गरियो ।

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

**प्रस्ताव नम्बर २२: झोलुङ्गे पुलका योजनाहरू माग गर्ने सम्बन्धमा ।**

**निर्णय नम्बर २२** : यस गढवा गाउँपालिकामा तपशिल बमोजिमका स्थानहरूमा झोलुङ्गे पुलको आवश्यक्ता भएकोले तपशिल बमोजिमका योजनाहरू संघ तथा प्रदेश सरकार अर्न्तगतका निकायहरूमा योजना माग गर्ने निर्णय गरियो ।

तपशिल :

| सि.न | वडा नं | प्रतावित पुलको नाम | पुल चाहीने स्थानको नाम | | नदि खोला | नदि खोला चौडाहि (मि) | अनुमानित लम्बाई (मि) | वर्ष भरी तर्न नसकीने समय(महिनामा) | लाभान्वित जनसंख्या | | प्रतावित पुल र सडक पुलको दुरी(कि.मि) | | पहुच हुने सेवाको प्रकार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दायाँ किनारा तर्फ | बायाँ किनारा तर्फ | | | | | दाँया किनारा तर्फ | बाँया किनारा तर्फ | पुल | सडक पुल | |
| १ | ५ | कक्रहवा सिमलतारा जोड्ने पुल | कक्रहवा | सिमलतारा | कक्रहवा खोला | ४० | ५० | ५ | ३५०० | २५०० | | | बस्ति,विद्यालय,स्वास्थ्य केन्द |
| २ | ३ | गोवरडिहा भगवानपुर जोड्ने | गोवरडिहा | भगवानपुर | राप्ति नदि | ८०० | ११०० | १२ | ४००० | ६००० | १.५ | | बस्ति,विद्यालय,स्वास्थ्य केन्द |
| ३ | ३ | सुपैला भैसिकुट्टि | सुपैला | भैसिकुट्टि | पूर्वि खोला | २० | १०० | ३ | ६०० | ५० | ६ | | बस्ति,विद्यालय |
| ४ | २ | चिमचिमे खोलामा पुल | चिमचिमे खोलावासी | चिमचिमे खोलावासी | चिमचिमे खोला | ६० | ७० | ६ | २६५ | २७९ | | | बस्ति,विद्यालय |
| ५ | ४ | प्रसिया देखि रनियापुर जोड्ने | प्रसिया | रनियापुर | राप्ति नदि | १५०० | २००० | ८ | ५००० | ५५०० | | ५ | बस्ति,विद्यालय |
| ६ | ७ | भोजपुर देखि मध्यनगर जोड्ने | भोजपुर | मध्यनगर | कक्रहवा खोला | ५० | ८० | ५ | ३५०० | ४५०० | ५ | ३ | बस्ति,विद्यालय,स्वास्थ्य केन्द |
| ७ | ८ | खवरी नाका जोड्ने पुल | सशस्त्र प्रहरी बल | खवरी गाउँ | खवरी खोला | ५० | ६० | ५ | १५०० | १५०० | | | बस्ति,विद्यालय,स्वास्थ्य केन्द |
| ८ | १ | चिसापानि रङसिङ्ग जोड्ने | चिसापानि | रङसिङ्ग | रङसिङ्ग | १५० | १६० | ६ | २००० | १५०० | | | बस्ति,विद्यालय,स्वास्थ्य केन्द |
| ९ | ८ | हिलपार्क झोलुङ्गे पुल | कोइलावास | हिलपार्क | कोइलावास खोला | १८० | २०० | ५ | २५० | ५०० | ३०० मि | ३५० मि | सबै |
| १० | ८ | मुसिनाका झोलुङ्गे पुल | कोइलावास | मुसिनाका | मुसिनाका | ५० | ७० | ५ | ५०० | ३०० | ७ | ७ | सबै |
| ११ | ६ | खवरी रानाको घरनेर झोलुङ्गे पुल | खवरी | खवरी | खवरी खोला | ६० | ७० | ५ | ५०० | १००० | | | सबै |
| १२ | ६ | मतपुरदेखि रामपुर | मतपुर | रामपुर | कक्रहवा खोला | २०० | २२५ | ५ | २००० | ५००० | | | सबै |

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जोड्ने झोलुङ्गे पुल | | | | | | | | | | | |
| १३ | २ | दुमै बौराहा जोड्ने खोलामा झोलुङ्गे पुल | दुमै | बौराहा | बौराहा खोला | ६० | ७० | ५ | ३००० | २५०० | | | सबै |
| १४ | ६ | पिपलडाँडा झोलुङ्गे पुल | पिपलडाँडा खबरी | रामपुर बनकट्टि | कक्रहवा खोला | १४० | २०० | ८ | १५०० | १५०० | | १ | सबै |
| १५ | ६ | कन्दरा मन्दिर झोलुङ्गे पुल | कन्दरा मन्दिर | मतपुर हासिपुर | ढिकुरे खबरी खोला | २०० | २५० | ८ | कन्दरा मन्दिर | २५०० | | ५०० मि | सबै |

**प्रस्ताव नम्बर २३: गढवा गाउँपालिकाको गौशाला निर्माण सम्बन्धमा ।**

**निर्णय नम्बर २३ :** यस गढवा गाउँपालिकामा चालु आ.व. २०७९/०८९० मा गौशाला निर्माण प्रयोजनका लागि बजेट समेत विनियोजन भईसकेको सन्दर्भमा उपयुक्त स्थानको खोजि गर्न विभिन्न चरणमा गरिएको अनुगमन, छलफल तथा वडा नम्बर ७ को सिफारिस पत्रानुसार वडा नम्बर ७ अर्न्तगत मानपुर खोला देखि पूर्व र दामोदर रोडदेखि दक्षिण क्षेत्रमा पर्ने ऐलानी जग्गामा उक्त गौशाला व्यवस्थापनका लागि भौतिक संरचना निर्माण गर्न सिफारिसि भई आएकोले चालु आ.व. का लागि गौशाला व्यवस्थापन शीर्षकमा विनियोजित बजेटको सबै कार्यहरू उक्त स्थानमा गर्ने निर्णय गरियो ।

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

CS CamScanner